*अङ्क 17*

DeKalb County School District का परिवारलाई अभिवादन छ,

हाम्रा विद्यार्थीहरू प्रतिको तपाईंको प्रतिबद्धता र समर्पणका तपाईंलाई धन्यवाद। हिजो मैले स्कूल डिस्ट्रिक्टमा सयौं दिन पूरा गरे र म DeKalb County School District को सुपरिन्टेन्डेन्ट भएकोमा गौरवान्वित महसुस गर्छु। विश्वव्यापी महामारीलाई सामना गरेर अगाडि बढ्दै गर्दा, डिस्ट्रिक्टभरिका भित्री र बाहिरी सरोकारवालाहरूबाट हाम्रो प्रिय समुदायको बारेमा यति धेरै जानकारी प्राप्त गरेकोमा विगतका केही महिनाहरू ज्ञानवर्धक र सुखद भएका छन्।

Dekalb County School District का ग्राजुएटहरूको सम्बन्धमा हामीले बनाएको परिकल्पना साकार पार्न विविधता भएको हाम्रो सुन्दर समुदायका सबै राम्रा र उत्कृष्ट विद्यार्थीहरूले आफ्नो पूर्ण क्षमता हासिल गर्न सकुन् भन्नका खातिर शैक्षिक उत्कृष्टता हासिल गर्नका निम्ति हाम्रो विद्यार्थी समुदायलाई प्रेरित गर्न DCSD को परिकल्पना साकार पार्दै म मैले पहिचान गरेका सामर्थ्यहरू र अवसरहरूको बारेमा जानकारी गराउन चाहन्छु।

हामीले प्रेरणा, उपलब्धि र उत्कृष्टता हासिल गर्दै गर्दा हामी सबैलाई माथिल्लो स्तर तर्फ डोर्याउनका निम्ति मलाई यो गाउँको हिस्सा बन्न र यस शक्तिशाली डिस्ट्रिक्टका विजेताहरू र समताका योद्धाहरूसँग काम गर्न अनुमति दिएकोमा DCSD लाई धन्यवाद दिन चाहन्छु।" थप जानकारीका लागि Superintendent's Corner भ्रमण गर्नुहोस्।




तपाईंलाई थाहा छँदैछ, हामीले अक्टोबर 9 मा अर्को शिक्षा पद्धतिमा फर्किने आशयको फाराम (Intent to Return Form) वितरण गरेका थियौँ र हामीले नोभेम्बर 30, 2020 सम्म यसको समयसीमा बढाएका छौं। यो फाराम पूरा गरेर, आमाबाबु/अभिभावकहरूले प्रत्येक बच्चाका लागि आफूले रुचाएको विकल्प चय गर्न सक्छन्।

मिश्रित सिकाइ पद्धति (hybrid model) मा फर्किने चाहका वा दूर शिक्षा/रिमोट सेटिङ मै बस्न चाहेका परिवारहरूको बारेमा जानकारी सङ्कलन गर्न हाम्रो विद्यालयले अभिभावकले पूरा गरेको फाराममा भएको तथ्याङ्क प्रयोग गर्दछ ।

**मिश्रित सिकाइ पद्धति (परम्परागत सिकाइ र दूर शिक्षा/रिमोट लर्निङको संयोजन):**

- मिश्रित सिकाइ पद्धति बच्चाहरूलाई दूर शिक्षा/रिमोट लर्निङको संयोजन भएको विद्यालयको परम्परागत शिक्षण वातावरणमा पठाउन सहज मान्ने परिवारहरूका लागि तयार गरिएको हो ।

**दूर शिक्षा/रिमोट लर्निङ पद्धति:**

- दूर शिक्षा/रिमोट लर्निङ पद्धति अहिलेको समयमा आफ्ना बच्चाहरू आमनेसामने ढाँचामा विद्यालयमा फिर्ता हुने कुरामा सहज नमान्ने परिवारहरूका लागि तयार गरिएको हो । विद्यार्थीहरूले विद्यालयद्वारा प्रदान गरिएको भर्चुअल ढाँचामा अध्ययनलाई निरन्तरता दिने छन् ।

बच्चा विद्यालय आइ पुगेपछि बच्चाका लागि सुरक्षित वातावरण सुनिश्चित गर्नका निम्ति र अनलाइन शिक्षणलाई निरन्तरता दिन पर्याप्त तयारी गर्नका लागि, सबै अभिभावकहरूले हाम्रा विद्यालयहरूमा उपस्थित हुने प्रत्येक बच्चाका लागि सर्वेक्षण पूरा गर्नु जरुरी हुन्छ ।

हामीले तपाईंको बच्चाको लागि सर्वेक्षणको प्रतिक्रिया प्राप्त गरेनौं भने हामी मान्ने छौं कि तपाईंका बच्चा मिश्रित सिकाइ पद्धति (hybrid setting) मा फर्किने छन् । सर्वेक्षणको फाराम नोभेम्बर 30, 2020 मा बन्द हुनेछ ।
कृपया सर्वेक्षणमा सहभागी हुन यहाँ क्लिक गर्नुहोस्:
https://dekalb.co1.qualtrics.com/jfe/form/SV_cO7CQFP10BWfwuF




**कोभिड-19 सम्बन्धित अद्यावधिकहरू**

Georgia Department of Public Health (GDPH) को गणना अनुसार दुई हप्ताको अवधिमा प्रत्येक 100,000 बासिन्दाहरूमा 100 जना भन्दा बढी व्यक्तिहरूमा संक्रमण पुष्टि भएको छ। यसको अर्थ समुदायमा संक्रमण "उच्च स्तरमा फैलिएको छ" भन्ने हुन्छ। GDPH ले जानकारी दिए अनुसार हिजोको मितिसम्म संक्रमितको सङ्ख्या 270 पुगेको छ। DeKalb काउन्टीको समुदायमा कुन स्तरमा संक्रमण फैलिएको छ भनेर अद्यावधिक जानकारी प्राप्त गर्न, कृपया निम्न वेबसाइट हेर्नुहोस्: https://dph.georgia.gov/covid-19-daily-status-report. संक्रमितको सङ्ख्या वृद्धि हुनु चिन्ताको विषय हो र डिस्ट्रिक्टले Center for Disease Control and Prevention (CDC) ले जारी गरेका सुरक्षासम्बन्धी सुझावहरू तथा महत्त्वपूर्ण तथ्यहरूको बारेमा निरन्तर रूपमा जानकारी गराउनेछ। उक्त कुरा मनन गर्दै, कृपया महामारीका दौडान कसरी सुरक्षित रहने भन्ने सन्देश प्रचार गर्ने शिक्षक तथा ब्यान्डका सदस्यहरूको Wave Them Bows नामको म्युजिक भिडियो हेर्नुहोस्।

CDC अनुसार मास्कको प्रयोगको बारेमा महत्त्वपूर्ण तथ्यहरू:
अरूसँग भएको बेलामा मुख र नाक छोपिने गरी मास्क लगाउनुहोस्

- आफू बिरामी भएको महसुस नगरे पनि तपाईंले अरू मानिसहरूलाई कोभिड-19 सार्न सक्नुहुन्छ।
- मास्क लगाउनुको उदेश्य भनेको तपाईं संक्रमित हुनुहुन्छ भने अरू व्यक्तिलाई तपाईंबाट सुरक्षित बनाउनु हो।

- सबै मानिसहरूले सार्वजनिक स्थानमा र आफ्नो घरपरिवार बाहेकका मानिसहरूसँग भएको समयमा, खासगरी सामाजिक दूरीका नियमहरू कायम गर्न गाह्रो भएको समयमा मास्क लगाउनु पर्दछ ।
  - 2 वर्ष मुनिका बच्चाहरू, सास फेर्न गाह्रो हुने समस्या भएका, बेहोश, अशक्त वा अन्यथा अरूको सहायता बिना मास्क खोल्न नसक्ने कोही पनि व्यक्तिलाई मास्क लगाउनु हुँदैन ।
- स्वास्थ्यसेवाका कर्मचारीले प्रयोग गर्ने मास्क प्रयोग नगर्नुहोस् । अहिलेको समयमा, सर्जिकल मास्क तथा N95 रेस्पिरेटर एकदम महत्त्वपूर्ण सामानहरू हुन् जुन स्वास्थ्यसेवाका कर्मचारी र संक्रमितसँग प्रत्यक्ष सम्पर्क हुने व्यक्ति का लागि सुरक्षित गरिनु पर्दछ ।
- आफू र अरू व्यक्तिसँग निरन्तर रूपमा 6 फिटको दूरी कायम गर्नुहोस् । मास्कले सामाजिक दूरीलाई प्रतिस्थापन गर्दैन ।




**Black Lives Matter (अश्वेत नागरिकको जीवनले अर्थ राख्छ) अभियान सप्ताह 2020**

DeKalb Schools को अश्वेत नागरिकको जीवनले अर्थ राख्छ अभियान सप्ताह 2020 सफलतापूर्वक सम्पन्न भयो । म DeKalb काउन्टीका Sheriff Melody Maddox, Stewart Foundation का Hank Stewart, Georgia State University का डा. Ghody Muhammad, र Scholastic का डा. Haggen को सहयोग तथा प्रभावशाली प्रस्तुतिका लागि हृदयबाट नै आभारी छु । हामी प्रेरणादायक सप्ताह छुटाएका विद्यार्थी तथा परिवारहरूका लागि चाँडै नै भिडियो उपलब्ध गराउनेछौं । कृपया यूट्यूबमा @dekalbschools भ्रमण गर्नुहोस् ।

BLM सप्ताहका दौडान, म हाम्रा उत्कृष्ट विद्यार्थीहरू देखेर चकित भए । उनीहरूले नस्लीय अन्याय र यसले विश्व र यसका समुदायहरूमा परेको प्रभावको बारेमा बोल्दै गर्दा एकदम शान्त र विचारशील थिए । म विद्यार्थीको विरासत बनाउने योजनाहरू र विश्वलाई एकजुट बनाउने उनीहरूको संकल्पको बारेमा सुन्न पाउँदा खुसी भए । BLM सप्ताहलाई सफल बनाउन कडा मेहनत गर्ने DCSD Board of Education र डिस्ट्रिक्टका नेतृत्वकर्तालाई

धन्यवाद छ । हामी हाम्रा विविध विद्यार्थीहरूलाई सशक्तीकरण गर्न यो अभियान अगाडि बढाउन चाहन्छौं । कृपया My Brother's Keeper कार्यक्रमको बारेमा थप जानकारीका लागि विचार गर्दै गर्नुहोस् । यो एउटा राष्ट्रिय स्तरको पहलकदमी कार्यक्रम हो जसले सबै युवाहरूले आफ्नो पूर्ण क्षमता हासिल गर्न सक्छन् भनेर सुनिश्चित गर्नका निम्ति विभिन्न वर्णका युवा तथा युवतिहरूले सामना गर्नु पर्ने अवसरको असमानताको समस्या सम्बोधन गर्छ । DCSD को उदेश्य भनेको DCSD का सबै 137 विद्यालयहरूमा पाठहरू सञ्चालन गर्नु हो ।

**समुदायको सहभागिता**

यो हप्ता टाउन हलको बैठकमा उपस्थित हुनु भएका हाम्रा सबै सरोकारवालाहरू- केन्द्रिय कार्यलय, बस चालक तथा विद्यालयमा आधारित कर्मचारीहरूलाई धन्यवाद छ । यी संवादहरू विद्यालयहरू पुन: सञ्चालन गर्ने तयारी र सुरक्षित साथ विद्यालयहरू पुन सञ्चालन गर्ने काममा एकदमै महत्त्वपूर्ण छन् ।

हामीले यो हप्ता हाम्रा उत्कृष्ट परिवारहरू र अभिभावकहरूलाई सराहना र शिक्षित गरेका छौं । अभिभावक तथा परिवार सशक्तिकरणको भर्चुअल कन्फरेन्स मा भर्चुअल जानकारीका सत्रहरूका साथै डिजिटल सामाग्रीहरू, प्रदायक तथा थप कुरा प्रदान गरिएको थियो । सहभागी हुनु भएकोमा धन्यवाद छ र के कुरा थाहा पाउनुहोस् भने हाम्रा परिवारलाई हाम्रा विद्यार्थीहरूलाई सहयोग गर्न सक्ने बनाउनु हाम्रो उच्च प्राथमिकता भित्र पर्छ । अभिभावक तथा परिवार सशक्तिकरणको भर्चुअल कन्फरेन्सको बारेमा थप जानकारीका लागि, कृपया तल हेर्नुहोस् ।

अन्त्यमा, हामी एकदम खुसी छौं कि डिस्ट्रिक्टले सकारात्मक क्रेडिट रेटिङ प्राप्त गरेको छ र हामी यो कामका लागि कर्मचारीले देखाएको समर्पण र प्रयासलाई कदर गर्छौं । हाम्रो बारेमा लेखिएको राम्रो समाचार पढ्नका लागि यहाँ जानुहोस्: DCSD ले Moody's Investors Services बाट सकारात्मक मूल्याङ्कन प्राप्त गरेको छ ।

यो फलको विश्राम उत्कृष्ट साथ बिताउनुहोस्, DCSD का परिवारहरूलाई शुभकामना छ र विद्यालय पुन: सञ्चालन हुने सम्बन्धमा अद्यावधिकहरू प्राप्त गर्न बेलाबेलामा हाम्रो वेबसाइट https://www.dekalbschoolsga.org/school-reopening/ हेर्दै गर्नुहोस् ।

तपाईंको #1 प्रशंसक,

Cheryl Watson-Harris